महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

दुल्लु नगरपालिका
दैलेख

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः १८४ मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुख ज्यू,
श्री दुल्लु नगरपालिकाको कार्यालय, दैलेख ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....
नारायण एम.सी.
(नायव महालेखापरीक्षक)

बोधार्थः
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९ मितिः २०७८।५।४
च.नः१८५

विषयः लेखापरीक्षण प्रतिवेदन

श्री नगर प्रमुख ज्यू,
श्री दुल्लु नगरपालिकाको कार्यालय, दैलेख ।

कैफियत सहितको राय

हामीले बेदकोट नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु ४ करोड ४० लाख ७० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड ७५ लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ७३ लाख ८९ हजार नियमित गर्नुपर्ने रु. ९१ लाख ४९ हजार पेश्की बाँकी शुन्य रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्योराको अन्तीम प्रतिवेदन पाना ३८ (अट्तीस) को यसैसाथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

नारायण एम. सी.
(नायब महालेखापरीक्षक)

दुल्लु नगरपालिकाको कार्यालय, दैलेख
लेखापरीक्षण प्रतिवेदन
२०७६।०७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १३ वडा, ६९ सभा सदस्य, १५६.७७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४१५४० जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्रास अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी	५९४११४३१.५	१	चालु खर्च	३२८१४९७१५.९६
२	राजस्व (आन्तरिक आय)		२	पूँजीगत खर्च	१९२५४८५७२.३०
	क) आन्तरिक राजस्व	१०१५१९५३.९५	३	वित्तिय व्यवस्था भुक्तानी	
	ख) राजस्व बाँडफाँड	७४३२८६४१		क) ऋण भुक्तानी	
३	वित्तिय हस्तान्तरण संघ			ख) ब्याज भुक्तानी	
	क) वित्तिय समानीकरण अनुदान	१३२७०००००		ग) अन्य भुक्तानी	
	ख) सशर्त अनुदान	२८७७६९०००	४	लगानी	
	ग) अन्य अनुदान	११४९१७७.७६		ऋण लगानी	
	घ) विशेष अनुदान	८००००००		शेयर लगानी	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान			अन्य लगानी	
	क) वित्तिय समानीकरण अनुदान	१०४०७०००	५	धरौटी फिर्ता	२७४५२९८.००
	ख) सशर्त अनुदान	९६०००००	६	विषयगत निकायको खर्च	१७२५१०६२४।९०
	ग) समपुरक अनुदान	१२२५८०००	७	कोष फिर्ता	१७५८०९३७.५०
	घ) विशेष अनुदान	५००००००	८	शसर्त अनुदान फिर्ता	१५६६१०५०.९६
५	ङ) अन्य अनुदान	२०१९२०००	९	मौज्दात	
६	अन्य			क) सञ्चसित कोष	८३२८४३२१.०८
	क) स्थानीय पूर्वाधार साझेदारी	२८६६१७१७		ख) प्रकोप व्यवस्थापन कोष	३७६८५१०.४२
	ख) बाँझो जग्गा उपयोग तथा खाद्य सुरक्षा	१७७६७२१		ग) धरौट मौज्दात	११५५७०७७.३२
	ग) सडक वोर्ड	१९४२३३९		घ) विविध खर्च खाताको	४५७८०००
७	विभिन्न कोषतर्फको आय	२२१५४०५०		ङ) आयोजना व्यवस्थापन कोष	७९४२५५.०४
९	विषयगत निकायबाट प्राप्त	१४१३३१६६.३९		च) मर्मत सम्भार कोष	२३९००३५.०५
१०	धरौटी आय	८७३४७०३.४२			
	जम्मा	८३५५६८३९८।५२		जम्मा	८३५५६८३९८।५२

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लेखापरिक्षणको क्रममा असुली :४४७४७७।००</td><td></td></tr>
<tr><td></td><td>वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.२,०९,१०,७७८।०० ले फरक देखिएको छ ।
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.५,९४,५३,६५१।५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.५,९४,११,४३१।५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४२,२२०।०० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.</td><td>४२२२०।००</td></tr>
<tr><td>३.</td><td>बैक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>सञ्चित कोष</td><td>४५०८९८१९।१६</td><td>१११७६८७२६।९१</td><td>६६६७८९०८</td></tr>
<tr><td>२</td><td>चालू</td><td>२५५७६१२७।१६</td><td>१३५६७२४४।५६</td><td>.१२००८८८३</td></tr>
<tr><td>३</td><td>पूँजीगत खाता</td><td>४७७९१७५०।७२</td><td>२९०९१६१३।४७</td><td>.१८७००१३७</td></tr>
<tr><td>४</td><td>धरौटी खाता</td><td>११५५७०७७।३२</td><td>६२१३६४४।९०</td><td>.५३४३४३२।४</td></tr>
<tr><td>५</td><td>स्थानीय प्रकोप व्य.खाता</td><td>६९५२८००।५१</td><td>५३७३९५६।९८</td><td>.१५७८८४३।५</td></tr>
<tr><td>६</td><td>आन्तरिक राजस्व खाता</td><td>१०१५१९५३।९५</td><td>२०१५१२०।४३</td><td>.८१३६८३३।५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२०९१०७७८</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेश्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि रु.६७१५९९४८।६१ खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५.	**बरबुझारथ** ः मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
६.	**सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
	• **बजेट तथा कार्यक्रम**	
७.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री विष्णु थापाले मिति २०७६।३।१०। गते रु.७१ करोड ५० लाख ६७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३१। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
८.	**बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
९.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
१०.	**गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.६६३९१५।०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७६।७७ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।	
११.	**चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

क.स.स	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
	पूँजिगत खर्चतर्फ	१८७५४९	१६४४	२४९४४	१६०९६०	१०२७५३
	प्रतिशत		०.८८	१३.३०	८५.८२	५४.७९

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत तर्फ बार्षिक रु.१८ करोड ७५ लाख ४९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१६ लाख ४४ हजार अर्थात ०.८८ प्रतिशत, दोश्रो चौमासिकमा रु.२ करोड ४९ लाख ४४ हजार, अर्थात १३.३० प्रतिशत र तेश्रो चौमासिकमा रु.१६ करोड ९ लाख ६० हजार, अर्थात ८५.८२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड २७ लाख ५३ हजार अर्थात ५४.७९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१२.	**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	२०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२७२०१	२००१७	३.८८
२	पूर्वाधार विकास	१२२८२७	७१५३३	१३.८७
३	सामाजिक विकास	४४२२६६	३५२६१७	६८.३८
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	२०३७३	१३१७०	२.५५
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	९५६५०	५८३६१	११.३२
जम्मा		**७०८३१७**	**५१५६९८**	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ६८.३८ प्रतिशत र घटीमा २.५५ प्रतिशत रहेको छ ।

१३. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१,०१,५१,९५३.९५,गत बर्षको अल्या तथा कोषको आय रु.९,०३,००,१८४।९२ राजस्व बाँडफाँड र अनुदानबाट रु.७३,५१,१३,९५१।६ समेत रु.८३,५५,६६,०९०।४८ आम्दानी भएकोमा चालु तर्फ रु.३२,८१,४९,७१५।९६ र पूँजिगत तर्फ रु.१९,२५,४८,५७२।३ समेत रु.७१,४३,२७,०९५।६५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.४८,५९,८४८।०० खर्च भएको छ जुन आन्तरिक आयको ४७.८७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४५.९४ प्रतिशत चालु र २६.९६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

संगठन तथा कर्मचारी ब्यवस्थापन

१४. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १९२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ३ पदमा १६ जना कर्मचारीहरु करारमा राखि रु.५६,९८,१६०।०० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ३ पदमा १६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.५६,९८,१६०।०० भुक्तानी गरेको अनियमित दिखएको रु.</td><td>५६९८१६०</td></tr>
<tr><td>१६.</td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पालिकाले कर्मचारी कल्याण कोषमा सञ्चालन गरेको छैन । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।</td><td></td></tr>
<tr><td>१७.</td><td>तलबी प्रतिबेदन : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका (विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.६,७१,५९,९४८।६१ तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।<table><tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>१३</td><td>१३</td><td>१३</td><td>०</td></tr></table></td><td></td></tr>
<tr><td>२०.</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	अनुसार १७ बटा ऐन, ३ बटा नियमावली र २२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	३४
पञ्जिकरणतर्फ	
जन्मदर्ता	१७७५
मृत्युदर्ता	२४१
बसाईसराई दर्ता	२४२
विवाह दर्ता	४५९
सम्बन्धविच्छेद दर्ता	४
पूर्वाधार विकास सडक निर्माण	
घरबाटो सिफारिस	१००६
नागरिकता सिफारिस	३०९५
नाता प्रमाणित	५२५
कालोपत्रे सडक निर्माण	विवरण प्राप्त नभएको
कालोपत्रे सडक मर्मत	विवरण प्राप्त नभएको
ग्राभेल सडक निर्माण	विवरण प्राप्त नभएको
ग्राभेल सडक मर्मत	विवरण प्राप्त नभएको

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२१. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
२४२	१४५	१४४	६१	६१	६५३
१४११९	२५९९०	६२५९९	४८११२	३३८१५१	४८८९७१

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि रु.२ करोड ३२ लाख सम्मका जम्मा ६५३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २४२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

- **कानून निर्माण एवं कार्यान्वयन**

२२. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ३ वटा नियमावली, २२ कार्यविधि लगायत ४२ जटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ ।	
२३.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष थप भएको ३० वटा विवाद दर्ता भएकोमा २३ वटा मात्र फछ्र्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
	• **पदाधिकारी सुविधा**	
२४.	**पदाधिकारी सुविधा** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार कर्णाली प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.२४२९९२४।०० खर्च लेखेको देखिन्छ ।	
२५.	**बैठक भत्ता** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी कानूले तोके भन्दा बढी दिनको सभा, कार्यपालिका, वडा लगायतको बैठक भत्ता वापत रु.१२००००।०० भुक्तानी रकम असूल गरी स्थानीय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु.	१२००००
२६.	**स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट सुविधा वापत भुक्तानी भएको छैन ।	
२७.	कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ मा सरकारी कोषबाट निबृत्तभरण पाएको व्यक्ति,पदाधिकार वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निबृत्तिभरण वा यस ऐन बमोजिमको सुविधा मध्ये एउटा मात्र सुविधा पाउने उल्लेख छ । पालिकाका देहायका पदाधिकारीहरु नेपाल सरकारको सेवाबाट सेवा निवृत्त कर्मचारी भएकोले निजले पेन्सन खाईपाइ आएकोले निजले यस	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पालिकाबाट साउन देखि असोजसम्म रु. भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>रकम</th></tr>
<tr><td>कमल बहादुर खनाल</td><td>६००००</td></tr>
<tr><td>झुपाराम लम्साल</td><td>६००००</td></tr>
<tr><td>रण बहादुर बोहोरा</td><td>६००००</td></tr>
<tr><td>जम्मा</td><td>१८००००।००</td></tr>
</table></td><td>१८००००</td></tr>
<tr><td>२८.</td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.५०५५५०।०० खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष १६ जनालाई रु.९२५००।०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• अनुदान फिर्ता, वितरण र उपयोग</td><td></td></tr>
<tr><td>३०.</td><td>अनुदान फिर्ता — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता गर्न गरेको</th><th>फिर्ता गर्न बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>२८७७६९०००</td><td>२७२१०७९४९।०४</td><td>१६०९७०५०।९६</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>८००००००</td><td>८००००००</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td>१०२९९३०</td><td>१०२९९३०</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>९६०००००</td><td>९६०००००</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>५००००००</td><td>५००००००</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>१२२५८०००</td><td>१२२५८०००</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td>१५१९२०००</td><td>६१५२०००</td><td>९०४००००</td><td>०</td></tr>
<tr><td></td><td>मुख्यमन्त्री रोजगार कार्यक्रम</td><td>१०१३००००</td><td>६१५२०००</td><td>०</td><td>३९७८०००</td></tr>
<tr><td></td><td>एकिकृत बस्ति विकास कार्यक्रम</td><td>१८०००००</td><td>०</td><td>०</td><td>१८०००००</td></tr>
<tr><td></td><td>दलित महिला आय आर्जन कार्यक्रम</td><td>३२६२१२४</td><td>०</td><td>०</td><td>३२६२१२४</td></tr>
</table></td><td>९०४०१२४</td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	जम्मा ९०४०१२४।००	

३१. **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः

(रु.हजारमा)

कुल निर्माण खर्च	सोझै खरिद		सिलबन्दी दरभाउपत्र		बोलपत्र	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
७५	३७	१४१३९	२१	१९७०४	१७	५१०९९

३२. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१९२५४८५७२।३० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३३. **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ८ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.२०,४०,७५०।०० खर्च गरेका छन् ।

- **कर दस्तुर एवं आन्तरिक आय**

३४. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय—व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,८९,४७,५६४।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.१,०१,५१,९५३।९५अर्थात अनुमान भन्दा ४६.५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३५.	**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । केन्द्रिय अनुदानबाट खर्च: ४२९४९८९३० — आन्तरिक आय: १०१५१९५३।९५ — आन्तरिक आय प्रतिशत: २.३ उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३६.	**गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो । स्पष्ट कानूनी व्यवस्था गरी सो करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।	
३७.	**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । तसर्थ वडाहरु आफैले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	
३८.	**राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १३ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
३९.	**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा कुनै पनि कर संकलन गरेको छैन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
४०.	**मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।	
४१.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर संकलन गरेको देखिएन पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
	• **उपभोक्ता समिति मार्फत कार्य**	
४२.	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
४३.	**लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
४४.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
२३३।०७७।३।८	भाति गाडे बस पानी धियानिदु सडक नि उ स	सडक नि	६८१९८६	डोजर	६८३६५०
१५५।०७७।१।१४	लेखाघर बाखेकोट कालाआम सडक नि उ स	सडक नि	३४५२६९	डोजर	३६४४२५

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४५.	**जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
९।०७७।३।३०	दुल्लु आईशोलेसन भवन निर्माण नि उ स	आईशोलेसन भवन निर्माण	६४३३२०९
६।०७७।३।३१	सरस्वती आवासिय विद्यालय नि उ स	भवन निर्माण	१२०००००

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सशर्त कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>४६.</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.८०१६०००।०० तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>४७.</td><td>स्वास्थ्यः ९४।२०७६।१२।२८ –बिल भरपाई नभएकोः अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६)३ (बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।पालिकाले मोतिराम आचार्यको स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम पेश्की रु.९१५०००।०० को फछ्यौट गरेको छ । उक्त फाटबारीमा रु.९०६०४२।०० प्रमाण संलग्न भएको छ भने बाँकी रकम रु.८९५८।०० को विल भरपाई संलग्न भएको देखिएन । तसर्थ उक्त खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>८९५८।००</td></tr>
<tr><td>४८.</td><td>अनुगमन मुल्यांकन भत्ताः कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने तथा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था उल्लेख छ ।पालिकाले ऐनमा तोकेको सुविधा बाहेक बैठक तथा अनुगमन भत्ता भनि देहायका पालिका स्तरिय बैठकको भत्ता भुक्तानी गरेको रु.३३१५०।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो भौ नं</th><th>विवरण</th><th>नगर प्रमुख घनश्याम भण्डारी</th><th>नगर उप.प्रमुख विष्णु थापा</th></tr>
<tr><td>२५७।२०७७।३।३१</td><td>कार्यक्रम अनुगमन</td><td>२५५०।००</td><td>२५५०।००</td></tr>
<tr><td>२००।२०७७।३।२४</td><td>राष्ट्रिय भिटामिन ए कार्यक्रम अनुगमन</td><td>५१००।००</td><td>५१००।००</td></tr>
<tr><td>१११।२०७७।१।२३</td><td>गरिब घरपरिवार पहिचान तथा परिचालन पत्र वितरण कार्यक्रम अनुगमन</td><td>५१००।००</td><td>५१००।००</td></tr>
<tr><td>१९२।२०७७।३।१७</td><td>कक्षा ८ को परिक्षा अनुगमन</td><td>३८२५।००</td><td>३८२५।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१६५७५।००</td><td>१६५७५।००</td></tr>
</table></td><td>३३१५०।००</td></tr>
<tr><td>४९.</td><td>बिल भरपाई नभएकोः- आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालय भवनहरु निर्माण गरि सम्झौता अनुसार उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा भवनमा प्रयोग हुने चौकोषहरुको परल मूल्यको आधारमा भुक्तानी दिनुपर्नेमा दर विश्लेषणको आधारमा रकम भुक्तानी दिइएको छ । भुक्तानी दिदा बिल भरपाई पेश गर्नुपर्नेमा फाटबारीमा नदेखिएकाले असुल गर्नुपर्ने रु.</td><td>९३७२२।४६</td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	विवरण	परिमाण	दर	भुक्तानी रकम	बिल पेश	बढी भुक्तानी
२४८।२०७७।३।३	खोप केन्द्र निमार्ण उपभोक्ता समिति दुल्लु न।पा ८ दैलेख	सालको चौकोष	०।४४ घ.मी.	२१३००५।४६	९३७२२।४६भरपाई पेश	७८७५०।००	९३७२२।४६

५०. **शिक्षा तर्फः**

वितरण भरपाईः पालिकाले किशोरीहरुलाई सेनेटरी प्याड वितरणका लागि ठेक्का मार्फत आपुर्ति गरे वापत सुर्खेत सर्जिकल एण्ड मेडिकल सप्लायर्स लाई रु.३५५६९८१।१४ भुक्तानी गरेको छ । सेनेटरी प्याड ९९०२६ थान रु.३० का दरका प्याड लेखापरिक्षणका अवधि सम्म पालिका अन्तर्गतका विभिन्न विद्यालयमा ५७९६० थान वितरण भएको भरपाई पेश भएको छ ।बाकी ४१०६६ थान वितरण भएको प्रमाण पेश नभएकाले वितरण गरी भरपाई पेश गर्नुपर्ने रु. — बेरुजू रकम: १२३१९८०।००

५१. **अनुदानः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । बिगत २ बर्ष देखि यस पालिका भित्रका ५४ बिद्यालयहरुको नियमित रुपमा लेखापरीक्षण नभइ रहेको अवस्थामा शिक्षा तर्फको सशर्त अनुदान तर्फको निम्न रकम बिल भर्पाइ बेगर भुक्तनी भएको देखिएको छ । तसर्थ उक्त अनुदान रकमको उपयोगिताको सम्बन्धमा पालिकाबाट अनुगमन गरि प्रतिवेदन पेश हुनुपर्दछ ।

गो.भौ.नं. मिति	विवरण	रकम
१६९।२०७७३।८	विद्यालय सुधार योजना अनुदान	८९००००।००
१६८।२०७७।३८	कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान	११००००।००
१६७।२०७७।३।२८	पंचकोशी बेद विद्याश्रम (धार्मिक विद्यालय) अनुदान	५०००००।००
१६६।२०७७।३।८	सामाजिक परीक्षण तथा आन्तरिक लेखा परिक्षण	६१५०००।००
१६५।२०७७।३।८	विद्यालय संचालन तथा व्यवस्थापन	१०६००००।००
१६१।२०७७।३।८	विद्यालयको ईन्टरनेट जडान	१५६०००।००
१६०।२०७७।३।८	सार्वजनिक विद्यालयको छात्रवृति वितरण	२९५०४००।००
१०२।२०७७।१।५	निशुल्क पाठ्यपुस्तक वितरण	४५७९१२०।५०
२५२।२०७७।३।३१	प्रारम्भिक पढाई सिप प्रबर्द्धन कार्यक्रम	४८९०००।००
जम्मा		११३४९५२०।५०

५२. **बढी निकासा** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ **(३)** मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तर

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पालिकाले निकासा दिएकोमा रु.२०८२८।८० रकम माग भन्दा बढी निकासा खर्च लेखेको छ । तसर्थ बढी निकासा दिएको रकम असूल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.	२०८२८।००

गो भौ नं मिति	विद्यालयको नामठेगाना	माग भएको	निकासा भएको	बढी निकासा
१३३।२०७७।२।६	विजया उच्च मा वि दुल्लु दैलेख	२७९६६७५।१	२८०७१९६।४	१०५२१।३
	धुलेश्वर मावि दुल्लु दैलेख	११४३३१९।००	११४४७३९।००	१४५०।००
	पंचकोशी ज्वाला मावि गमौडी दुल्लु दैलेख	१०५३२७३।३	१०५६५१५।००	३२४१।७
	भानु मावि नोरायाँ दुल्लु दैलेख	८२५०४७।००	८२६०४७।००	१०००।००
	सरस्वाती मावि विनायक दुल्लु दैलेख	७५९४२८।२	७६२३९८।००	२९७०।००
	कालिकादेवी मावि १३ हाडेआवत दुल्लु दैलेख	३६८८६८।२०	३७०५१४।००	१६४५।८०
			जम्मा	२०८२८।८०

५३.	**कृषि तथा पशु सेवाः ८९।२०७६।१२।०४-जिन्सी दाखिला प्रमाणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कृत्रिम गर्भाधान कार्यक्रमको सामाग्री खरिद वापत विकास बहादुर शाहीलाई रु.१२७०००।०० भुक्तानी दिएको छ । **Tech-Line International Pvt.Ltd** बाट २०७६।११।१७ मा खरिद भएको **Mother Container** सहित ६ प्रकारका सामानको जिन्सी दाखिला गरेको नपाइएकोले सोको जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.	१२७०००।००
५४.	**१०७।२०७७।१।१४ औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.२६४९२७४।०० (अस्पताल तर्फको रु.१०९९३००।०० समेत) का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः	
५४.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
५४.२.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
५४.३.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
५४.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
५४.५.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
५५.	१८।२०७७।३।२५ **फाँटवारी पेश नभएकोः-** पालिकाले शिक्षा तथा प्रविधि मन्त्रालय, मानव श्रोत केन्द्र भक्तपुरवाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ मा उल्लेख भएको नमुना छनौटमा परेको विद्यालय विजया माध्यमिक विद्यालय वडा नं.६ लाई रु.१५०,०००। अनुदान उपलब्ध गराएको छ । कार्यान्वयनमा पुस्तिकाले तोकेको मापदण्ड भित्र रही भौतीक पुर्वाधार एवं विद्यालय सुधार कार्यक्रम संचालन गर्दा भएको खर्चको फाँटवारी लेखापरीक्षणको समयमा पेश नभएको रु.	१५०००००
५६.	**प्रदेश पुर्वाधारः** ९।२०७६।३।३० **आईशोलेशन भवनः-** उपभोक्ता लाई रकम उपलब्ध गराउदा दर विश्लेषणमा तय भएको दर र उपभोक्ताले पेश गरेको खरीद विलको जांचगरी रकम उपलब्ध गराउनु पर्दछ । दुल्लु अस्पताल आईशोलेशन भवन निर्माण उ.स.लाई आईसोलेसन भवन निर्माण गरेवापत उपभोक्ताको श्रमदानको अंश कट्टा गरी रु. ६४३३२०९।— भुक्तानी दिएकोमा निम्न अनुसार कैफियत देखियो ।	
५६.१.	उपलब्ध विवरण अनुसार कुल लागत अनुमानमा नगर पालिका श्रोतवाट रु.१०,५२५००। प्रदेश पुर्वाधारवाट रु.६९,४७,५००। र उपभोक्ताको श्रमदान वापत रु.१८४७६३३। समेत रु.९८४७६३३। को लागत अनुमान भएकोमा प्रदेश पुर्वाधारवाट रु.६४,३३,२०९। भुक्तानी भएको देखियो । संलग्न कार्यविलमा रु.९२,०३,३९५। को काम भएको छ । संझौता अनुसार १८।७७ प्रतिशत उपभोक्ताको हुने उल्लेख छ । सोही व्यवस्था अनुसार कुल कार्य मध्ये उपभोक्ता तर्फको योगदान रु.१७,२७,४७७।२५ कट्टा गरी रु.७४,५५,९१७।७५ मा नगरपालिकाको योगदान रु.१०,५२,५००। कट्टा गरी रु.६४,२३,४१७।७५ मात्र भुक्तानी दिनुपर्नेमा रु.६४,३३,२०९। भुक्तानी दिएकोले रु.९७९१।२५ वढी भुक्तानी भएको उपभोक्तावाट असूल गर्नु पर्ने रु.	९७९१।२५
५६.२.	उपभोक्ताले पेश गरेको कार्यविलमा २७.२२ घन मिटर आर.सि.सि.को काम गरेको छ । भवन विभागको नर्मस अनुसार सामान्य लोडवेरीङ्गको आर सि.सस्. भवनमा बढी मा १ प्रतिशत सम्म आईरन राख्न सकिने उल्लेख छ । संलग्न फाँटवारीमा रेनफोर्समेन्ट ९आईरन) को नापी गरेको बार सेडयुल राखेको छैन । तसर्थ सोही नर्मस अनुसार आर.सि.सि कार्यको अनुपात २७.७२ घमि मा २१७६.७२ के.जी (२७.७२×७८५०×१%) मात्र आईरन राख्न पाउने देखिन्छ । तर उपभोक्ताले ४७१९.६१ के.जी आईरन राखी नर्मस भन्दा २५४५.५९ के.जी. आईरनको प्रति केजी रु. १२० को दरले हुने रु.३,०५,२३०।८० बढी भुक्तानी भएको उपभोक्तावाट असूल गर्नुपर्ने रु.	३०५२३०।८०
५७.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष के कति जनालाई रोजगारी उपलव्ध गराएको हो सो को विवरण पेश हुन आएन । रोजगार कार्यक्रम अन्तरगत रु.९८०,०००।०० खर्च गरेको छ ।	
५७.१.	३५।२०७७।३।२९ वाके गैरा वारतडी सडक स्तरोन्नती उपभोक्ता समितिलाई सडक मर्मत तथा स्तोरोन्नती गरेवापत उपभोक्ताको अंश कट्टा गरी रु.९८०,०००।भुक्तानी दिएको छ । उक्त रकम मध्ये के कति सामाग्री खर्च र के कति श्रम वापत को खर्च हो एकिन छैन । उपभोक्ता समितिले के कति संख्याका श्रमिकलाई रकम दिएको हो सो को प्रमाण समेत नभएकोले निर्देशिका विपरित खर्च गरेको नियम सम्मत नभएको रु.	९८००००
५८.	**खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रमः** कोभिड १९ बाट कृषि क्षेत्रमा परेको प्रभावले निकट भविष्यमा हुन सक्ने खाद्य सङ्कटलाई न्यूनिकरण गरी खाद्य सुरक्षामा टेवा पुर्याउने,विदेश तथा प्रदेश बाहिरबाट र शहरी क्षेत्रबाट गाँउ फर्किएका तथा गैरकृषि क्षेत्रबाट कृषि क्षेत्रमा आउन चाहने लक्षित वर्गलाई यस क्षेत्रमा कार्य गर्न प्रोत्साहन गरी कृषि उत्पादन बढाउने तथा कृषि योग्य बाँझो बगर जग्गाको प्रयोग तथा खेर गएका ऐलानी,बुट्यान,पर्ती जग्गा,हैसियत विग्रेको वन आदि जमिनको सदुपयोग गरी खाद्य सुरक्षा बृद्धि गर्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन भएको हो । यस कार्यक्रम कार्यान्वयनका लागि स्थानिय तहमा एक कार्यक्रम कार्यान्वयन समिति गठन गरी जग्गा,क्षेत्र,लक्षित समूह पहिचान गर्ने, प्राथमिकरण गर्ने,वडा स्तरमा समिति गठन गरी वडामा उपलव्ध भएको बाँझो/पाखो/सार्वजनिक/खाली जग्गाको लगत तथा सो स्थानमा बसोबास गर्ने समुदायको सूचि तयार गर्ने र व्यक्तिगत जग्गा बाहेक अन्यमा कार्यक्रम सञ्चालन गर्दा वन कार्यालयको स्वीकृती लिनुपर्ने उल्लेख छ । पालिकाले तोकिए अनुसार यस प्रकारको क्रियाकलाप नगरी कृषकको निवेदनका आधारमा सवैलाई छनौट गरी लागत अनुमानमा कार्य परिमाण र दर नतोकी असारको अन्तिम हप्तामा सम्झौता गरी नाप जाँच नगरी देहायका समिति तथा कृषकलाई भुक्तानी दिएको देखियो । साथै काम गरेको एक स्थानको फोटो अर्को स्थानमा राखी एउटै व्यक्तिले एउटै ठाउँमा दोहोरो भुक्तानी भएको समेत देखियो । यसरी बर्षान्तमा बजेट फ्रिज हुन नदिने उद्देश्यले होचुवाको भरमा नाप जाँच तथा अनुगमन प्रतिवेदन समेत नगरी कार्यक्रम सञ्चालन गरी रकम भुक्तानी दिएको काम वास्तविक खर्चको उपादेयता वारे एकिन गर्न सकिएन । यस सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.	१६४९६६१

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

कृषक तथा फर्मको नाम	भुक्तानी रकम
नगेन्द्रप्रकाश ढकाल दुल्लु नपा ११	६२८८१
पशुपंक्षी लगुउद्यमी समुह दुल्लु नपा ८	९६६७३
देउती फलफुल तथा कृषि समुह दुल्लु नपा १२	९६६७३
फापर कोदो कृषक समुह दुल्लु नपा २ (निर बहादुर थापा)	१४४४७१
चन्द्र बहादुर खड्का६दुल्लु नपा (पंक्षी फर्मकमला सुन्तला तथा पशु)	६७७२०
गायत्री फलफूल तथा बाखा फर्म दुल्लु नपा ८	९६६८०
हिरा तरकारी तथा विउ उद्यम दुल्लु नपा १	४७९६३
ज्योती कृषि तथा पशुपंक्षी फर्म दुल्लु नपा ६	४३१२३
बालदेवी योगी दुल्लु नपा १०	९६११५
शाही कृषि तथा पशुपालन विकास फर्म दुल्लु नपा १० तेज ब(शाही .	३३३५७
निरक बहादुर शाही दुल्लु नपा १३	६६२०५
भगवती भण्डारी १३भगवती कृषि तथा पशुपंक्षी फर्म दुल्लु नपा)	९६५९५
दुर्गा कुमारी लम्साल १दुल्लु नपा (भाडे कृषि तथा पशुपंक्षी फर्म)	२४१४५
नाउलेगाँउ कृषि उद्यमी समुह दुल्लु नपा ६	२८९४८८
कालभैरव कृषि तथा पशुपालन उद्योगदुल्लु नपा	४८०६२
जनचेतना तरकारी तथा फलफुल उत्पादन कृषक समुह दुल्लु नपा ७	४३३२९
शारदा कृषि तथा पशुपंक्षी पालन फर्म दुल्लु नपा ३	२७६७५८
दाहाल फलफुल तरकारी फर्म दुल्लु नपा ७	१९३२३
जम्मा	१६४९६६१।००

</td><td></td></tr>
<tr><td>५९.</td><td>मुख्यमन्त्री रोजगार कार्यक्रम - कर्णाली प्रदेशमा रोजगारीका अवसर सिर्जना गरी बेरोजगार तथा कोभिड १९ को कारणबाट स्वदेश तथा विदेशमा रोजगारी गुमाएका युवालाई समेत लक्षित गरी आफ्नो गाँउ आत्मनिर्भर बनाँउ अभियानका साथ मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगारी,आयआर्जन तथा आधारभूत विकासका क्रियाकलापहरु प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि श्रमिक को संख्या अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । रोजगारमा संलग्न श्रमिकको बैंक खाता खोली उनिहरुको खातामा काम गरेको दिनको दरले रकम भुक्तानी गर्नुपर्नेमा स्थानीय तहभित्रका वडाहरुमा सडक निर्माण कार्य उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिको खातामा रकम पठाएको छ । यसरी उपभोक्ता समितिलाई रकम दिदाँ वास्तविक श्रमिकलाई रकम नजान सक्ने हुनाले रोजगार बैंक स्थापना गरी सोहीको आधारमा सम्बन्धितको खातामा रकम भुक्तानी गर्नुपर्दछ ।यस वर्ष गमौडी सातखम्बा छिउडी विनायक सडक निर्माण योजना सञ्चालन गरी ६५० जनालाई रोजगारी उपलव्ध गराई रु.६१,५२,०००।०० खर्च गरेको छ । लक्षित वर्गलाई १० दिनदेखि ३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । यस सँग सम्बन्धित व्यहोरा निम्नानुसार छ ।</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६०.	२०७७।पालिकाले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन र नापी कितावमा दर विश्लेषण तथा नर्म्स अनुसार कुल काममा दक्ष तथा अर्धदक्ष श्रमिकको ज्याला रु.३४,७०,३८७।५ मात्र लाग्ने गरी विश्लेषण गरेकोमा श्रमिकको ज्याला वापत रु.४६,२०,९००।०० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम रु.११,५०,५१२।५ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.	११५०५१२।५
६१.	२०७७।पालिकाले तयार गरेको दर विश्लेषण अनुसार २×१×१ को ग्यावियनको कार्यमा ढुङ्गा प्याकिङ्ग गर्दा प्रति घनमिटर १.१ लाग्ने उल्लेख छ । यस योजनामा २×१×१ को २२ वटा जालीको कार्यमा ४९ घनमिटरमा ढुङ्गाको कार्यको भुक्तानी गर्नुपर्नेमा २४४ घनमिटर राखी १९५ घनमिटर बढी राखी प्रतिघनमिटर रु.३,४७१।५ का दरले रु.६,७९,०२५।४ बढी भुक्तानी भएकोले सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु.	६७९०२५।४
	समानीकरण पूँजिगततर्फ	
६२.	८३।२०७७।११।२१ **लागत अनुमान** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा रु. १ लाख भन्दा बढिको सेवा प्राप्त गर्दा लागत अनुमान (अनुसूची — १ क) बनाउनुपर्ने उल्लेख छ । साथै परामर्श सेवा लिंदा नियम ७१ को उपनियम ६ अनुसार परामर्श छनोट गर्दा प्रस्तावक दाताको खास कामको अनुभव कुल अंङ्कको २५, कार्य सम्पादन गर्ने तरिका बापत कुल अंङ्कको २० देखि ३५, मुख्य जनशक्तिको योग्यता र अनुभव बापत कुल अंङ्कको ३० देखि ६०, प्रविधि हस्तान्तरण र तालिम बापत कुल अंङ्कको १० र जनशक्तिको सहभागिता बापत कुल अंङ्कको १० प्रतिशत सम्म गरि कुल १०० अंकको प्राविधिक मुल्यांकन गरी बढि अंक प्राप्त गर्ने परामर्शदाता संग आर्थिक प्रस्ताव लिई परामर्शदाता छनोट गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका परामर्शदाताहरु संग विभिन्न योजनाको डि.पि.आर तयार गर्न परामर्श दाता छनौट गर्नु पुर्व नियमानुसार लागत अनुमान तयार नगरेको प्राविधिक प्रस्ताव मुल्यांकन नगरेको तथा आर्थिक प्रस्ताव मात्र लिई छनोट गरेको देखिदाँ उक्त कार्य गुणस्तरीय र मितव्ययी भएको छ भन्न सक्ने आधार भएन । यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।	

भौ.नं.मिति	परामर्शदाता	काम	भुक्तानी रकम
३।०७७।०३।३०	लडभिजन इन्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट	नेपाल रा.मा.वि/पञ्चकोशी बहुप्राविधिक को Soil Test	४,३३,९७४।
५।०७७।०३।२९	इग्रल्सन सोलुसन प्रा.ली.	सरस्वती मा.वि. Soil Test	४,९६,१६०।
१३।२०७७।३।२९	प्रतिमा इन्जिनियरिङ्ग सर्भिस प्रा.ली.	प्राकृतिक श्रोत व्यवस्थापन Soil Test	४३८८३८।-
		जम्मा	४,९१,९७२

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६३.	३१।२०७६।११।११ सार्वजनिक खरिद नियमावली २०५४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको कारणले संझौता अनुसार काम सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई संझौता रकमको १० प्रतिशत ले नवढ्ने गरी प्रति रकम संझौता रकमको ०.०५ प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने उल्लेख छ । दिर्घायु घनिष्ट निर्माण सेवा संग विद्युतीकरण कार्य गर्नको लागि रु.४०,६६,९७८।— (मु.अ.कर. वाहेक) को लागत मा मिति २०७६।२।३० मा कार्य सम्पन्न गर्नेगरी मिति २०७५।११।२६ मा संझौता भएकोले निर्माण व्यवसायी ले समयमा काम नसकि पहिलोपटक मिति २०७६।६।३० सम्म म्याद थप भएको थियो । तर निर्माण व्यवसायीले १५६ दिन ढिला गरी मिति २०७६।११।६ मा कार्य सम्पन्न गरेको	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>देखीएकोले संझौता अनुसार प्रति दिन २०३३।४९ को दरले १५६ दिनको रु. ९१७,२२४।४४ पुर्वनिर्धारित क्षतिपुर्ति निर्माण व्यवसायीवाट असूल उपर गर्नुपर्ने रु.</td><td>३१७२२४</td></tr>
<tr><td>६४.</td><td>सार्वजनिक खरिद नियमावलीको नियम ९७ को नियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, बिल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठक बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय भवन, विद्यालय भवन तथा स्वास्थ्य चौकिका भवनहरु निर्माण गरि सम्झौता अनुसार उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा भवनमा प्रयोग हुने चौकोष, पल्ला तथा फर्माहरुको परल मूल्यको आधारमा भुक्तानी दिनुपर्नेमा दर विश्लेषणको आधारमा रकम भुक्तानी दिएको छ । उपभोक्ता समितिले सामुदायिक वनबाट सालको काठ तथा कुकाठ निशुल्क वा न्यूनतम मुल्यमा प्राप्त गरि ज्यामी लगाई काठ तयार गरि प्रयोग गर्दा न्यून दरमा उपलब्ध हुने देखियो । तर पालिकाले दर विश्लेषण अनुसार रकम भुक्तानी दिंदा गाउपालिकालाई थप व्ययभार पर्ने गरि रकम उपलब्ध गराएको हुँदा निम्नानुसाराका २ उपभोक्ता समितिहरुलाइ बढि भुक्तानी भएको रकममा उपभोक्ताको अनुपातीक कट्टी गरि असूल हुनु पर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>भुक्तानी रकम</th><th>वास्तविक लाग्ने रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२२१।०७७।३।३१</td><td>कृषी उपकरण संकलन केन्द्र नि.उ.स.</td><td>सालको चौकोष</td><td>०.२२ घ.मी.</td><td>२१९०२७।००</td><td>४८४१८।८४</td><td>११०२३।३२</td><td>३७३९५।५२</td></tr>
<tr><td>१९५।०७७।२।७</td><td>महेन्द्र जयदेवी मा.वि.नि.उ</td><td>सालको चौकोष</td><td>०.५१ घ.मी.</td><td>२१९०२७</td><td>११८३६१।२७</td><td>२५५५४।०६</td><td>८६८७७।२१</td></tr>
<tr><td></td><td>मा.वि.नि.उ.स</td><td>सालको चौकोश</td><td>१४.४० घ.मी.</td><td>१२९२७</td><td>१८६१५७।५८</td><td>६९७३६।८२</td><td>११६३९४।०२</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>२४०५९६।७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५.</td><td>२७९।२०७७।३।२५ आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । विद्युततार खरिद तथा लाईट विस्तार उपभोक्ता समितिलाई विद्युत विस्तारको कार्य गरे वापत रु. ६४७११४।भुक्तानी दिएकोमा निम्न अनुसार देखियो ।</td><td></td></tr>
<tr><td>६५.१.</td><td>उपभोक्ताले पेश गरेको फाँटवारी परीक्षण गर्दा स्मृती एण्ड कम्पनी प्रा.लीं.वाट लिद्युत पोल तथा तार खरिद गरी रु.४३६०७६। भुक्तानी गरेको छ । उक्त सामान नेपाल विद्युत प्राधिकरणवाट गुणस्तर परीक्षण (Test Certify) भएको दखिएन ।</td><td></td></tr>
<tr><td>६५.२.</td><td>उपभोक्ताको कार्यविलमा तथा खरिद विल भपाई परीक्षण गर्दा स्मृती एण्ड कम्पनीवाट विद्युतपोल तथा तार रु.४,३६,०७६। विद्युतपोल गाड्न खाल्डो खन्ने कार्य रु.४५७५०। तारको काम रु.१७९०००।— सहित रु.६५२८२६।— वास्तविक खर्च लाग्ने देखिन्छ । सम्झौता अनुसार १० प्रतिशत उपभोक्ताको अंश कट्टा गरी रु.५८७५४३।४० मात्र भुक्तानी दिनुपर्नेमा रु.६४९११४।— भुक्तानी दिएकोमा रु.६१५७०।६० बढी भुक्तानी भएको हुदा वढी भुक्तानी भएको रकम उपभोक्तावाट असूल गर्नुपर्ने रु.</td><td>६१५७०।६०</td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६६.	२७८।२०७७।३।२५ उपभोक्तालाई रकम भुक्तानी गर्नुपुर्व खरीद तथा कार्य परिमाणलाई ध्यान दिनु पर्दछ।रामेटाकुरी तटबन्ध निर्माण उ.स.लाई तटबन्धको कार्य गरेवापत रु.२,००,०००।— भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको कार्य विलमा ३×१×१ साईजको ग्याविन १० गोटा र २×१×१ ग्याविन १४ गोटा प्रयोग गरी रु.१०२९२०। र फिलिङ्ग वापत रु.१३९२००। सहित रु.२४२१२०। को कार्य सम्पन्न तयार गरेको छ । तर उपभोक्ताले कृष्ण हार्डवेयर एण्ड सप्लायर्स वाट २×१×१ साईजको ग्यावियन १६ पिस मात्र खरिद गरेको छ । खरिदको आधारमा रु.७६८४०। र सोही अनुपातमा फिलिङ्ग वापत रु.७६८००। समेत रु.१,५३,६४०। मात्र भुक्तानी दिनुपर्नेमा रु.२०००००। भुक्तानी लिएकोले बढी भुक्तानी लिएको रु.४६३६०। उपभोक्ता समितिवाट असूल गर्नुपर्ने रु.	४६३६०
६७.	२८९।२०७७।३।२९ साङटा लिफ्ट खानेपानी रु. ५२,४५,४३३।— को लागतमा पाईप खरिद गर्न मनिषा एस.एम कन्स्ट्रक्सन प्रा.ली. संग मिति २०७७।२।२६ मा संझौता भएको थियो । पाईप खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन् ।	
६७.१.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(१) मा खरिद गरेको मालसामानको मा स्पेशिफिकेशन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले वोलपत्रको माध्यमबाट **40mm diGi Pipe 2290 m**. र **10 m di Gi pipe 1400 m.** खरिद गरेकोमा पाईपको स्पेशिफिकेशन नवनाई खरिद गरेको कार्य नियम सम्मत देखिएन ।	
६७.२.	नियम ११५ मा सम्झौता अनुसार सामान प्राप्त भएपछि प्राविधिक स्पेशिफिकेशन र गुणस्तर अनुसार सामान प्राप्त भए नभएको निरिक्षण एवं परीक्षण गर्नुपर्ने उल्लेख छ । पालिकाले ठुलो परीमाण र मल्यमा खरिद गरिएका सामान परीक्षण नगरी रकम भुक्तानी दिदा तोकिएको मापदण्ड र गुणस्तरयुक्त भए नभएको एकिन गर्न सकिएन ।	
६७.३.	पालिकाले लिफ्टीङ्ग विधिबाट खानेपानीको लागि पाईप खरिद गरेको देखियो । तर सिभिलवर्कको काम सुरु गरेको देखीएन । पालिकाले सिभिल वर्क गरेपछि पाईप खरिद गर्नुपर्नेमा पहिला पाईप खरिद गरेको देखीदा उक्त पाईपको सुरक्षा चुनौती कायमै रहेको देखीयो । यसतर्फ पालिकाको ध्यान गर्नुपर्दछ ।	
६८.	**बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावलीको नियम ९७ को नियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्रावधिक मुल्यांकन, बिल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठक बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। साथै नियम १० मा उपभोक्ता समितिले पाएको काम कुनै निर्माण व्यवसायीबाट गर्न नहुने उल्लेख छ । उपभोक्ताले सडक निर्माण कार्य लिने र निर्माण व्यवसायिबाट काम गराउने देखियो । यसरी निर्माण व्यवसायिबाट काम गराउनु उपयुक्त देखिऐन । पालिका र सडक निर्माण उपभोक्ता बिच सडक निर्माण गर्न सम्झौता भई उपभोक्ताले निर्माण कार्य सम्पन्न गरि रकम भुक्तानीको लागि पेश गरिएको फाँटवारी उपर पालिकाले निर्माण कार्यको लागि लागेको वास्तविक लागतको आधारमा सम्झौता अनुसार २० प्रतिशत उपभोक्ताको योगदान कट्टा गरि रकम भुक्तानी दिनु पर्नेमा लागत अनुमान अनुसारकै दर राखि रकम भुक्तानी दिंदा उपभोक्ताको योगदान नभएको र पालिकालाई थप व्यभार पर्न गएको छ । तसर्थ देहायका उपभोक्ता समितिबाट वास्तविक लागत भन्दा बढि भुक्तानी भएको रकम उपभोक्ताको अनुपातीक कट्टि गरि असुल गर्नु पर्ने रु.	१४१२८१२

कार्यालयको नामः दुल्लु नगरपालिका, दैलेख । आ.व. २०७६।७७

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	वास्तविक लागत	उपभोक्ताको हुनु पर्ने योगदान	दिनु पर्ने रकम	बढि भुक्तानी
२५३।२०७७।३।२१	स्वा.चौ.मलाकाटीया सडक नि.उ.स	९६५००	९६५००	१९३००	७७२००	१९३००
२५४।२०७७।३।२१	बादघला नाउने गांउ सडक नि.उ.स	२८३४४४	२८१११२	५६२२२	२२४८८९	५८५५४
२३३।२०७७।३।८	भातिगडि वसपानी घियानिदु सडक नि.उ.स	६८१९८६	६८३६५०	१३६७३०	५४६९२०	१३५०६६
१८८।२०७७।२।४	लुजैरानी माटा नान्धरा कोलटाकुरा सडक नि.उ.स	३८३०००	३७८८३२	७६६००	३०६४००	७६६००
१५५।२०७७।१।१४	लेखाघर वाखेकोट कालाआम सडक (Cutting Only)	३४५२६३	३६४४२५	७२८८५	२९१५४०	५३७२९
१५२।२०७७।१।१४	लिउडाल टोल वुढाटोल रोकाया टोल गाडासाल नाराघाट नि.उ.स	२८९५००।	२८६५००	५७३००	२२९२००	६०३००
१५०।२०७७।१।१२	तितेपाल्त पिपलतडा सडक स्तरोन्नती नि.उ.स	६५३०४०	७१९९७९	१४३९९५	५७५९८४	७७०५७
१४७।२०७७।१।११	४ नं. वडा कार्यालय पानी खोला सडक नि.उ.स	३३१३७४	३२८३७१	६५६७५	२६२६९६	६८६७७
१४३।२०७६।१२।१०	औखडी पादेऔल सडक नि.उ.स	२८९५००	२८९५००	५७९००	२३१६००	५७९००
१०३।२०७६।१२।२	ग्रामिण सडक मर्मत १० नं. वडा नि.उ.स	४७२५००	४७२५००	९४५००	३७८०००	९४५००
१००।२०७६।११।३०	शान्ती बजार वडा खोला कृष्णकोट सडक नि.उ.स	२८९६१९	२८९६१९	५७९२३	२३१६९६	५७९२४
८३।२०७६।११।५	तिपादिस्थान गया सडक नि.उ.स (Cutting Only)	७३२२४	७३२२४	१४६४४	५८५८०	१४६४४
७७।२०७६।१०।२९	भलायाकाटिया वाडे सियाला नि.उ.स	१९३०००	१९३०००	३८६००	१५४४००	३८६००
७५।२०७६।१०।२९	पातीकान्ला फदेला करले सडक नि.उ.स	२४१२५०	२४१२५०	४८२५०	१९३००	४८२५०
७०।२०७६।१०।२८	अमेन काउलिखाल सडक नि.उ.स	२१९२७७	२०७९२०	४१५८४	१६६३३६	५२९४१
६८।२०७६।१०।२७	१२ नं. वडा कार्यालय देउती स्थान धुवा सडक	२७४८६०	२७४८६०	५४९७२	२१९८८८	५४९७२
६२।२०७६	ठुला खोला तातेढुंगा	७९५५२	७९५५२	१५९१०	६३६४१	१५९१०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

।१०।२०	भुवाचौर सडक नि.उ.स (Cutting Only)					
६१।२०७६।१०।२०	खम्बे हुदै अम्का रुख राले सडक नि.उ.स	१८३९६४	१८३९६३	३६७९३	१४७१७१	३६७९३
६०।२०७६।१०।२०	वडा पोखरा धारापानी गोविन्द डाडा सडक नि.उ.स	९६५५४	९६५५४	१९३९०	७७५६३	१९३९०
५०।२०७६।१०।१५	भगनिया पातलपाटा सडक नि.उ.स (Cutting Only)	२७७४००	२७७४००	५५४८०	२२१९२०	५५४८०
३८।२०७६।१०।९	साडका खोला सुन्दरखाल सडक नि.उ.स	४७२५००	४७२५००	९४५००	३७८०००	९४५००
३७।२०७६।१०।९	९ नं. वडा कार्यालय हुदै सालमेला सडक	२८९५००	२८९५००	५७९००	२३१६००	५७९००
३५।२०७६।१०।९	९ नं. वडा कार्यालय हुदै सालमेला सडक	२८९५००	२८९५००	५७९००	२३१६००	५७९००
३३।२०७६।९।२९	पुराना सडक मर्मत समिति नि.उ.स वडा नं. ९	९६५००	९६५००	१९३००	७७२००	१९३००
३२।२०७७।९।२८	सानागाउ वडा सडक निर्माण उपभोक्ता समिति	२४०१२५	२४०१२५	४८०२५	१९२१००	४८०२५
२९।२०७६।९।२८	१ नं. वडा छल पुज्ने वोकराना सडक नि.उ.स	१९३००	१९३००	३८६००	१५४४००	३८६००
जम्मा						१४१२८१२

६९.	**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु ४२१०२६२।०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	
७०.	**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
७१.	**सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
७२.	**डीपीआर खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
नेपाल रा.मा.वि/पञ्चकोशी बहुप्राविधिक को Soil Test	लडभिजन इन्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट		४,३३,९७४।	विवरण उपलब्ध नभएको
सरस्वती मा.वि. Soil Test	इग्रल्सन सोलुसन प्रा.ली.		४,९६,१६०।	विवरण उपलब्ध नभएको
प्राकृतिक श्रोत व्यवस्थापन Soil Test	प्रतिमा इन्जिनियरिङ्ग सर्भिस प्रा.ली.		४३८८३८।-	विवरण उपलब्ध नभएको

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
